# कनकासुन्दरी गाउँपालिका

## विराट सिंजा,जुम्ला

# स्थानीय राजपत्र

खण्ड:९ संख्या: १ मिति:२०८१/०३/१०

## भाग-२

## कनकासुन्दरी गाउँपालिका जुम्ला

## एम.वि.वि.एस अध्ययन छात्रवृती सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावना:** शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार सुची तथा सोको सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ज को उपखण्ड(१६)मा व्यवस्था भएको नि:शुल्क रुपमा प्रत्येक वर्ष गाउँपालिकाले एकजना एम.वि.वि. एस डाक्टर उत्पादन गरी गाउँबासीहरुलाइ दिगो स्वास्थ्य सेवा उपलब्ध गराउने उद्येश्यले पालिकाको जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न र कनकासुन्दरी गाउँपालिकाको काम,कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गरी संस्थागत विकास गर्न बाञ्छनिय देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कनकासुन्दरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " एम.वि.वि.एस अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि,२०८०" रहेको छ।

(२)यो कार्यविधि कनकासुन्दरी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

**१. परिभाषा र व्याख्याः**

विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)" गाउँपालिका अध्यक्ष" भन्नाले कनकासुन्दरी गाउँपालिका जुम्लाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख)"आयोग" भन्ने राष्ट्रिय चिकित्सा शिक्षा कार्यविधि,२०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्झनु पर्छ ।

(ग)"उपाध्यक्ष" भन्नाले कनकासुन्दरी गाउँपालिका जुम्लाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(घ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कनकासुन्दरी गाउँपालिका जुम्लाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झिनु पर्छ ।

(ङ)"शिक्षा अधिकृत" भन्नाले कनकासुन्दरी गाउँपालिका जुम्लाका शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झिनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा यूवा तथा खेलकुद शाखा हेर्ने कर्मचारी समेतलाई सम्झनु पर्छ।

(च)"गाउँपालिका" भन्नाले कनकासुन्दरी गाउँपालिका जुम्लालाई सम्झनु पर्छ ।

(छ)"कार्यपालिका" भन्नाले कनकासुन्दरी गाउँपालिका जुम्लाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज)"सभा" भन्नाले कनकासुन्दरी गाउँपालिका जुम्लाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(झ)"वडा"भन्नाले कनकासुन्दरी गाउँपालिका जुम्ला अन्तर्गतका वडाहरुलाई सम्झिनु पर्छ ।

(ञ)"संविधान"भन्नाले नेपालको संविधान सम्झिनु पर्छ ।

(ट)"समिति"भन्नाले यस कार्यविधिको दफा १७ मा व्यवस्था भएको एम वि वि एस अध्ययन छात्रबृती व्यवस्थापन समितिलाई सम्झिनु पर्छ ।

परिच्छेद-२

## एम.वि.वि.एस अध्ययन छात्रवृती सम्बन्धी व्यवस्था

३. एम.वि.वि.एस अध्ययन छात्रवृति उपलब्ध गराउनेः

(१)आयोगबाट संचालन हुने एकिकृत प्रवेश परीक्षा (एम.वि.वि.एस )उर्तीण नतिजाको एकिकृत योग्यताक्रमको सुचीमा समावेश गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने एकजना जेहेन्दार विद्यार्थीलाइ एम वि वि एस अध्ययन छात्रवृती उपलब्ध गराइनेछ ।

(२)गाउँपालिका क्षेत्र भित्रका दुई वा सो भन्दा बढी विद्यार्थीहरुले उपदफा १ बमोजिम संचालन हुने एकिकृत प्रवेश परीक्षा (एम.वि.वि.एस) उर्तिण गरेमा उर्तिण नतिजाको एकिकृत योग्यताक्रमको सुचिमा रहेका विद्यार्थीलाई एम वि वि एस छात्रबृति उपलब्ध गराइनेछ ।

(३) उपदफा १तथा उपदफा २ बमोजिमको अबस्था गाउँपालिका क्षेत्रभित्र नरहेमा छात्रवृतिको कोटा उक्त वर्ष खारेज हुनेछ ।

(४) एम.वि.वि.एस अध्ययन छात्रवृति व्यवस्थापन समितिबाट छनोट भएको तथा कार्यपालिकाबाट अनुमोदित विद्यार्थीको अध्ययन अवधीभर गाउँसभावाट विनियोजित भएको छात्रवृती रकम सोही विद्यार्थीलाइ उपलब्ध गराइनेछ ।

**४. एकीकृत प्रवेश परीक्षा एम वि वि एस उर्तीण विद्यार्थीले एम वि वि एस छात्रवृती पाउन आवेदन गर्नुपर्नेः**

दफा ५ मा व्यवस्था भए बमोजिमको छात्रबृतिमा आवेदन गर्न योग्य विद्यार्थीले एकिकृत प्रवेश परीक्षा एम वि वि एस को नतिजा सार्वजनिक भएको मितिले सात दिनभित्र आयवगबाट प्रकाशित उकीकृत योग्यताक्रमको सुची र देहायका कागजात सहित समितिमा आवेदन गर्नु पर्नेछः

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख) एस इ इ र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणीत प्रतिलिपि

ग) स्थायी बसोवास खुल्ने कागजातको प्रमाणीत प्रतिलिपि

घ)समितिले तोकेका अन्य आवश्यक विषयहरु

**५. छात्रवृती उपलब्ध गराइने विद्यार्थीको नाम प्रस्ताव गरी आशयको सुचना प्रकाशित गर्नुपर्नेः**

(१) समितिले दफा १३ बमोजिम परेका आवेदन उपर जाँबुझ गरी छात्रवृतिका लागि योग्य देखीएका एक जना विद्यार्थीको नाम प्रस्ताव गरी छात्रवृति उपलब्ध गराउनका लागिएको आशय सहितको सात दिने सार्वजनिक प्रकाशित गर्नु पर्ने छ ।

(२) उपदफा (१)बमोजिमको सुचनाको समयावधीमा समिति समक्ष कहिकतैबाट दावी विरोध पर्न आएमा समितिले त्योस्तो दावी विरोध उपर समेत गहन छलफल गरी यस कार्यविधिको दफा १२ बमोजिमको छात्रवृतिका लागि योग्य देखीएको एक जना विद्यार्थीको नाम अन्तिम सिफारिस गरी छनोटको निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आएको एकजना विद्यार्थीलाई कार्यपालिकाको निर्णयले एम वि वि एस अध्ययन छात्रवृती उपलब्ध गराईनेछ ।

**६. बवुलियतनामा गर्नुपर्नेः**

यस कार्यविधि बमोजिम एम.वि.वि.स अध्ययन छात्रबृतिमा छनोट भएको विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात कम्तिमा पाँच वर्षसम्म गाउँपालिकामै रही सेवा गर्ने गरी अध्ययनमा जानु अघि नै अनुसुची-१ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष कबुलियतनामा गर्नु पर्नेछ ।

**७.छात्रबृती वापतको रकम बैक खाता मार्फत भुक्तानी गरिनेः**

(१) यस कार्यविधि बमोजिम एम वि वि एस अध्ययन छात्रवृतिमा छनोट हुने विद्यार्थीमा छनोट हुने विद्यार्थीका लागि सम्बन्धित शिक्षण संस्थामा लाग्ने भनि आयोगबाट निर्धारण गरिएको भर्ना शुल्क

रजिष्ट्रेशन शुल्क लगाएतका शुल्क तथा दस्तुरहरु सम्बन्धित शिक्षण संस्थाको खातामा जम्माहुने गरी बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

## परिच्छेद-३

## एम.वि.वि.एस.छात्रवृति व्यवस्थापन समिति

**८. एम.वि.वि.एस.छात्रवृति व्यवस्थापन समितिको गठनः**

(१) यस कार्यविधी बमोजिम उपलब्ध गराइने एम वि वि एस अध्ययन छात्रवृति कार्य प्रक्रियालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक एबं व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय बमोजिम एम वि वियस अध्ययन छात्रवृति व्यवस्थापन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक -सदस्य

(ङ) माध्यमिक विद्यालयका प्र अ गाउँपालिका अध्यक्षले मनोनयन गरेको एक जना

(च) शिक्षा विदहरुबाट एक जना महिला सहित कार्यपालिकाले मनोनयन गरेको तिन जना

(छ) शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२)उपदफा (१)को खण्ड (ङ)र खण्ड (च)बमोजिम मनोनित सदस्यको पदावधि (४)चार वर्षको हुनेछ ।

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुने छ ।

**९.छात्रवृति व्यवस्थापन समितिको काम कर्तब्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र दफामा लेखिएका काम कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्रका नि:शुल्क शिक्षा विद्यार्थी प्रोतसाहन र छात्रवृति सम्बन्धी व्यवस्थालाई दिर्घकालिन र प्रभाबकारी बनाउनका लागि अबलम्बन गर्नु पर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख)गाउँपालिका क्षेत्रभित्रको सर्वाङगीण विकास गर्न भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको आंकलन गरी स्थानीय स्तरमै त्यस्ता जनशक्ति उत्पादनका लागि नीति तयार गरी कार्यपालिकामा पेश गर्ने,

(ग)यस कार्यविधि बमोजिम उपलब्ध गराएको एम वि वि एस अध्ययन छात्रबृति कार्यक्रमको प्रभावकारीताको लेखाजोखा गरी सोको प्रतिवेदन बार्षिक रुपमा कार्यपालिकामा पेश गर्ने

(घ)एम.वि.वि.एस छात्रवृति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरु विच आवश्यक सम्नवय गर्ने,

(ङ)यस कार्यविधिको उद्येश्य अनुरुप आवश्यक देखीएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने ।

(च)नि:शुल्क शिक्षा विद्यार्थी प्रोत्साहन र छात्रवृति सम्बन्धी कार्यपालिकाले तोकेको अन्यकार्य गर्ने ।

**परिच्छेद-४**

**एम.वि.वि.एस अध्ययन छात्रवृति कोष सम्बन्धि व्यवस्था**

**१०. छात्रवृति कोषः**

(१) यस कार्यविधिले व्यवस्था गरे बमोजिमको एम वि वि एस अध्ययन छात्रवृती उपलब्ध गराउन एबं कार्यविधिले लक्षित गरेको क्षत्रमा मात्र खर्च गर्न गाउँपालिकामा एउटा छुटै एम वि वि एस छात्रबृतिकोष रहने छ ।

(२)उपदफा (१)बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः

(क)एम वि वि एस अध्ययन छात्रबृति कार्यक्रम संचालनका लागि सभा तथा कार्यपालिकाको निर्णय बमोजिम विनियोजित रकम,

(ख)खण्ड (क)बमोजिम कार्यको लागि दातृ निकायको विकास साझेदार गैरसरकारी संघ संस्थाहरु तथा व्यक्तिबाट स्वचेछिक रुपमा उपलब्ध गराइने रकम ,

(ग) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(३)उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम समितिको सिफारिसमा यस कार्यविधिले परीलक्षित गरेको क्षेत्रमा मात्र गर्न सकिनेछ ।

**११. कोषलाई दिगोपना गरिनेः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ मा व्यवस्था भएको गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले विषय क्षेत्रगत बजेट सिलिङ निर्धारण गर्दाका वखत यस कार्यविधि बमोजिम उपलब्ध गराउने एम वि वि एस अध्ययन छात्रवृति सम्बन्धी कार्यक्रम संचालनका लगि स्थापित छात्रबृतीकोषमा एक आर्थीक वर्षभरीमा हुन सक्ने अनुमानित व्ययको विवरण समितिबाट लिई सोही बमोजिम कोषका लागि बजेट सिलिङ कायम गरी कोषलाई दिगोपना कार्यम गर्नु पर्नेछ ।

**१२. कोषको खाता संचालनः**

कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्ताखतबाट हुनेछ ।

**१३. कोषको लेखा परीक्षणः**

कोषको आय र व्ययको आन्तरीक एंव अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-५

## विविध

१४. **दोहोरो पर्ने गरी छात्रवृति उपलब्ध नगराइनेः**

यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रबृतिको विधामा नेपाल सरकार तथा प्रदेश सरकारबाट कुनै निकायबाट छात्रबृति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृति उपलब्ध गरिने छैन ।

**१५. बार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः**

समितिले यस कार्यविधिले परिलक्षित गरेको सम्पुर्ण काम कारबाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ र सो प्रतिवेदन सार्बजनिक गर्नु पर्ने छ ।

**१६.अधिकार प्रत्योजन गर्न सक्नेः**

(१)आर्थिक व्ययभार सिर्जना हुने देखि बाहेक कार्यपालिकाले आफुलाई यस कार्यविधि बमोजिम प्राप्त काम कर्तव्य र अधिकार मध्ये केही काम कर्तव्य र अधिकार समितिलाई प्रत्योजन गर्न सक्नेछ ।

(२)समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त काम कर्तव्य र अधिकार मध्ये केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्योजन गर्न सक्नेछ ।

**१७.बाधा अड्काउ फुकाउन सक्नेः**

यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अडचन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा अड्चन फुकाउन सक्नेछ ।

**१८.प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१९.नियम ,निर्देशिका ,मापदण्ड र कार्यविधि बनाउन सक्नेः**

यस कार्यविधिमा उल्लेखित व्यवस्था कार्यान्वय गर्न कार्यपालिकाको आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक

अनुसूची १

(दफा ६ सँग सम्बन्धित)

**कनकासुन्दरी गाउँपालिकाको एम.वि.वि.एस अध्ययन छात्रवृति सम्बन्धि कार्यविधि,२०८१ को दफा ६ मा व्यवस्था भएको एम.वि.वि.एस अध्ययन छात्रवृतिका लागि छनौट भएको कनकासुन्दरी गाउँपालिका वडा नं...............स्थायी निवासी श्री.....................ले कनकासुन्दरी गाउँपालिका संग गरेको कबुलियतनामा**

जुम्ला जिल्ला कनकासुन्दरी गाउँपालिका वडा नं............स्थायी निवासी श्री............................ नाती/नातिनि,श्री........................को छोरा/छोरी वर्ष..........को म श्री..........................ले कनकासुन्दरी गाउँपालिकाको एम.वि.वि.एस अध्ययन छात्रवृतिका सम्बन्धी कार्यविधी,२०८१ बमोजिम व्यवस्था भएको एम.वि.वि.एस अध्ययन छात्रवृतिका लागि छनौट भई श्री...................................शिक्षण संस्थाको नाम र ठेगाना मा मिति २०......../...../..... देखी संचालन हुने एम वि वि एस अध्ययन कार्यक्रममा जान लागेकोले मैले कनकासुन्दरी गाउँपालिकाको एम वि विएस अध्ययन सम्बन्धी कार्यविधी २०८१ को दफा ६ अनुसार कनकासुन्दरी गाउँपालिका जुम्लासँग देहाय बमोजिम यो कबलुयतनामा गरेको छु ।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मिति भित्र श्री.............................(शिक्षण संस्थाको नाम र ठेगाना )मा हाजिर हुन जानेछु । अध्ययन अवधीभर शिक्षण संस्थाको नीति नियमको पुर्णरुपमा पालना गर्नेछु ।

(ख) उल्लेखित कार्यक्रम संचालनका लागि कनकासुन्दरी गाउँपालिकाको छात्रवृति सम्बन्धी कार्यविधी २०८१को पुर्ण रुपमा पालना गर्नेछु ।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात कम्तिमा ५ वर्ष कनकासुन्दरी गाउँपालिकामा रही अनिवार्य सेवा गर्नेछु ।

(घ) कावु भन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजि कारणले अध्ययन पुरा नगरी विचमै छोड्ने छैन । मैले यस अघि कुनै पनि सरकारी स्तरको निकायबाट यही विषयमा छात्रवृती दोहोरो सुविधा समेत लिएको छैन।अध्ययन पुरा गरे पश्चात गाउँपालिकाले खटाएको स्थानमा काम गर्नेछु अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन ।

(ङ) माथि उल्लेखित व्यवस्था एवम कार्यविधिमा भएको व्यवस्था विपरित कुनै कार्य गरेको प्रमाणीत भएमा कनकासुन्दरी गाउँपालिकाले छात्रवृतिको रुपमा म माथि गरेको सम्पुर्ण लगानी रकम तथा सो मा कनकासुन्दरी गाउँपालिकाले निर्धारण गरे बमोजिम ब्याज रकम समेत जायजेथाबाट असुल गर्न मञ्जुर छु ।

(च) अध्ययन पश्चात कनकासुन्दरी गाउँपालिकामा रहेको अस्पतालको नियमअनुसारको तोकियको तलब स्केल स्केलमा सेवा दिने छु ।

| <u>कबुलियतनामा गराउने अधिकारीको</u> | <u>कबुलियतनामा गर्ने विद्यार्थीको</u> |
|---|---|
| दस्ताखतः | दस्ताखतः |
| नाम,थरः | नाम,थरः |
| पदः | पदः |
| मितिः | मितिः |

**ल्याप्चे**

| दायाँ | बायाँ |
|---|---|
| | |

**<u>रोहोबरमा बस्नेः</u>**

सम्बन्धित वडाका जनप्रतिनिधि नाम,थरः

हस्ताक्षरः

विद्यार्थीका अभिभावकको नाम,थर र ठेगानाः

हस्ताक्षरः

शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुखको नाम,थरः

हस्ताक्षरः

मितिः २०........./........../............

आज्ञाले
टेक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत